श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाडौं

## बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दर्ता गर्ने सम्बन्धी सूचना

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभूति गराउन तोकिएको मापदण्ड पुरा गरेका नेपाली नागरिकले रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ बमोजिम आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा वा स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमा फागुन महिना भरी आ.व. २०७९/८० को लागि निवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

### बेरोजगार व्यक्ति सूचिकरणसम्बन्धी व्यवस्था

(क) १८ देखि ५९ वर्ष उमेर समूहको हुनु पर्ने,

(ख) निवेदन दिँदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारमा संलग्न नभएको हुनु पर्ने,

(ग) स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिँदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय (चालु आर्थिक वर्षको सन्दर्भमा रु. ५७,७००/-) भन्दा कम आय भएको हुनु पर्ने,

### सूचीकरण प्रक्रिया

(क) रितपूर्वक प्राप्त आवेदनलाई वडा कार्यालयले छानविन गरी बेरोजगार ठहर हुने सबै मापदण्ड पुरा गरेको प्रमाणित गर्नु पर्ने ।

(ख) प्राप्त प्रमाणित निवेदनलाई स्थानीय निर्देशक समितिले थप छानविन गरी बेरोजगार व्यक्तिको अन्तिम सूची गाउँ कार्यपालिका / नगर कार्यपालिकाबाट स्वीकृतिको लागि सिफारिस गर्नु पर्ने।

(ग) कार्यपालिकाले आवश्यक भए थप परिमार्जन समेत गरी बेरोजगार व्यक्तिको अन्तिम सूची स्वीकृत गर्नु पर्ने

(घ) स्थानीय तहले बेरोजगार व्यक्तिको व्यक्तिगत विवरणलाई प्रधानमन्त्री रोजगार कार्यक्रमको रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरे पछि मात्र बेरोजगार व्यक्तिको अन्तिम सूची कायम हुने, साथै प्राप्त हुन आएका नयाँ निवेदन तथा बेरोजगार व्यवस्थापन सूचन प्रणालीसँग भिडाई आधिकारीक विवरण प्राथमिकतासाथ अन्तिम सूची निर्धारण गर्ने ।

थप जानकारीका लागिः-फोन नं.०१-४२००४७७ ,इमेल: info@pmep.gov.np

**"न्यूनतम रोजगार- नागरिकको अधिकार"**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाडौं

## आ.व. २०७९/८० को लागि न्यून्तम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना

चालु आर्थिक वर्ष २०७८/७९ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका अठार वर्ष देखि उनान्साठी वर्ष उमेर समूहका बेरोजगार नागरिकले **२०७८ फागुन महिना भरीमा आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा सूचीकृत हुन निवेदन दिनु हुन** यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा र यस सम्बन्धी थप जानकारी स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ।